जहाँ छ मेरो जन्मभूमि त्यहाँ शान्त शीतल जलमग्नमा छन् भक्तवत्सल महेश्वर । म जन्मिए हुकिएँ यस्तो पावन पुण्यभूमिमा नाम हो यसको जलेश्वर ।-कवि परवेन्द्र मानश्रेष्ठ

समाज, विकास, लोकतन्त्र र विधिको शासन प्रति समर्पित राष्ट्रिय दैनिक

जि.प्र.का. महोत्तरी द.नं. ४३/०७०/७१
जि. महोत्तरी हु.द.नं. ४/०८०/८१

सबै क्षेत्रको प्रबर्द्धनको गुरु

www.jaleshwortoday.com

# जलेश्वर टुडे

Jaleshwor Today National Daily

एक कदम अगाडि

बर्ष १३ • अंक २०३ • २०८३ बैशाख ३१ गते बिहिबार • 14 May 2026 • पृष्ठ ४ • मुल्य रु.५/-




## निजी विद्यालयहरू बन्द हुने भन्ने हल्लामा कुनै सत्यता नरहेको: पोखरेल

**जलेश्वरटुडे समाचारदाता**
**जनकपुरधाम, ३० बैशाख**



शिक्षा, विज्ञान तथा प्रविधि मन्त्री सस्मित पोखरेलले निजी विद्यालयहरू बन्द हुने भन्ने हल्लामा कुनै सत्यता नरहेको स्पष्ट पार्दै सरकारले संस्थागत विद्यालयलाई शिक्षा क्षेत्रको सहयोगी साझेदारका रूपमा हेरेको बताएका छन् । जनकपुरधाममा बुधबार संस्थागत विद्यालयका सञ्चालकहरूसँग भएको छलफलमा मन्त्री पोखरेलले निजी विद्यालयहरूले देशमा रोजगारी सिर्जना र पूँजी निर्माणमा महत्वपूर्ण योगदान पुऱ्याइरहेको उल्लेख गरे ।

उनले आफूले पदभार ग्रहण गर्नुअघि नै निजी विद्यालय बन्द गरिने भन्ने भ्रम फैलाइएकोप्रति दुःख व्यक्त गरे । मन्त्री पोखरेलले शिक्षा क्षेत्रमा पारदर्शिता र उत्तरदायित्व आवश्यक रहेको बताउँदै कानूनअनुसार अनिवार्य गरिएको १० प्रतिशत छात्रवृत्ति निष्पक्ष र पारदर्शी ढंगले उपलब्ध गराउन निजी विद्यालय सञ्चालकहरूसँग आग्रह गरे । साथै, ऐन तथा नियमहरूको इमान्दारीपूर्वक पालना गर्न पनि उनले अनुरोध गरे । उनले पाठ्यक्रममा एकरूपता कायम गर्न व्यापक सुधार आवश्यक रहेको धारणा राखे ।

दुई दिनको सार्वजनिक बिदाको व्यवस्थाबारे बोल्दै मन्त्री पोखरेलले कतिपय देशमा यसले विद्यार्थी र शिक्षकलाई अझ उत्पादनशील बनाएको उदाहरण दिँदै नेपालमा पनि पठनपाठनमा असर नपर्ने गरी वर्षे बिदा ४५ दिनबाट घटाएर ३० दिनमा सीमित गरिएको बताए । संस्थागत विद्यालयबाट कक्षा १२ उत्तीर्ण गरेका विद्यार्थीहरूले चिकित्सा शिक्षा आयोगलगायत सरकारी निकायबाट प्रदान गरिने छात्रवृत्तिमा समान अवसर पाउनुपर्ने मागबारे प्रतिक्रिया दिँदै मन्त्री पोखरेलले सामुदायिक विद्यालयलाई प्राथमिकता दिनु स्वाभाविक भएको बताए । यद्यपि, चिकित्सा शिक्षा ऐनमा व्यापक परिमार्जनको तयारी भइरहेको जानकारी पनि उनले दिए । छलफल कार्यक्रममा एनप्याब्सन, प्याब्सन, हिसानलगायत निजी विद्यालयसम्बद्ध संस्थाका प्रतिनिधि तथा विद्यालय सञ्चालकहरूको सहभागिता रहेको थियो । कार्यक्रममा राष्ट्रिय स्वतन्त्र पार्टीका प्रवक्ता मनिष झा, स्थानीय नेता जितेन्द्र महासेठल गायतको पनि उपस्थिति रहेको थियो ।

## जनकपुरधाम उपमहानगरपालिका-१४ रजौलस्थित निर्माणाधीन रामजानकी रङ्गशालाको स्थलगत अवलोकन




**जलेश्वरटुडे समाचारदाता**
**जनकपुरधाम, ३० बैशाख**

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्री सस्मित पोखरेलले जनकपुरधाम उपमहानगरपालिका-१४ रजौलस्थित निर्माणाधीन रामजानकी रङ्गशालाको स्थलगत अवलोकन गरेका छन् ।

बुधबार रङ्गशाला परिसर पुगेका मन्त्री पोखरेलले निर्माण कार्यको प्रगति, भौतिक संरचना तथा आवश्यक पूर्वाधारबारे जानकारी लिएका हुन् । अवलोकनका क्रममा उनले खेल क्षेत्रको विकासका लागि आधुनिक र व्यवस्थित पूर्वाधार निर्माण आवश्यक रहेको बताए । मन्त्री पोखरेलले युवाहरूको प्रतिभा पहिचान र खेलकुद गतिविधिलाई प्रभावकारी बनाउन सरकारले खेल पूर्वाधार विस्तारलाई प्राथमिकतामा राखेको उल्लेख गरे । उनले रामजानकी रङ्गशालालाई प्रदेशकै महत्वपूर्ण खेल केन्द्रका रूपमा विकास गर्ने लक्ष्य रहेको पनि बताए । 'खेलकुदले युवालाई अनुशासित, स्वस्थ र सकारात्मक दिशामा अघि बढाउन महत्वपूर्ण भूमिका खेल्छ,' मन्त्री पोखरेलले भने, 'त्यसैले सरकारले खेल मैदान, रंगशाला तथा प्रशिक्षण केन्द्र निर्माणलाई योजनाबद्ध रूपमा अगाडि बढाइरहेको छ ।'

अवलोकनका क्रममा सांसद मनिष झा, राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का नेता जितेन्द्र महासेठ, स्थानीय जनप्रतिनिधि लगायतकाहरूको पनि सहभागिता रहेको थियो ।








**आगलागी**

चुलो, ग्याँस अनि बिजुलीको तार

ध्यान दिएन भने हुन सक्छ ठूलो मार

सुत्नु अघि जाँच गरौं, आगलागी समयमै टारौं ।

**आमसंचार प्राधिकरण**
मधेश प्रदेश, जनकपुरधाम




# स्वास्थ्यमा समानता हुन जरुरी

दुर्गममा काम गर्ने चिकित्सकहरूका लागि विशेष प्रोत्साहन र वृत्ति विकासको ग्यारेन्टी गरिनुपर्ने देखिन्छ । सिंगापुरजस्ता देशहरूले अपनाएको 'कार्यसम्पादनमा आधारित करार प्रणाली' लागू गर्न सकिने देखिन्छ । विशेषज्ञ चिकित्सकहरू (नवौं र एघारौं तह) लाई पाँच वर्ष वा सोभन्दा बढी समयका लागि करारमा लिने र उनीहरूलाई पूर्ण अधिकार, सम्मान र अन्तर्राष्ट्रिय मापदण्डअनुसारको सुविधा दिएर सरकारी सेवामा टिकाइराख्ने नीति ल्याउनुपर्ने देखिन्छ। स्वास्थ्य क्षेत्रको बजेटलाई कुल बजेटको कम्तीमा १० प्रतिशत पुऱ्याउनुपर्ने देखिन्छ । स्वास्थ्य सेवालाई एकीकृत र एकद्वार प्रणालीमार्फत वितरण गरिनुपर्ने देखिन्छ । प्राथमिक स्वास्थ्य र नसर्ने रोगको रोकथाममा लगानी बढाउनु दीर्घकालीन रूपमा सस्तो र प्रभावकारी हुन्छन । गरिब हुनु अपराध होइन ।

बिरामी हुनु कुनै गल्ती होइन तर, एउटा यस्तो व्यवस्था जहाँ उपचार नपाएर मर्नुपर्छ वा उपचार गर्दा घरबारविहीन हुनुपर्ने देखिन्छ, त्यो पक्कै पनि राज्य र समाजको असफलता रहेको देखिन्छ। स्वास्थ्य प्रणालीको सफलता आधुनिक मेसिनको संख्याले होइन, समाजको सबैभन्दा कमजोर मानिसले पाएको गुणस्तरीय सेवा र सुरक्षाले मापन गरिनुपर्ने देखिन्छ। जबसम्म त्यो अन्तिम व्यक्ति सुरक्षित हुँदैन, तबसम्म 'स्वास्थ्यमा समानता' वा 'सर्वे सन्तु निरामयाः' केवल एउटा सुन्दर नारामा मात्र सीमित रहने देखिन्छ । त्यसकारण स्वास्थ्यमा समानता हुन अपरिहार्य छ ।

# 'जनकपुर साहित्य महोत्सव' को सातौं संस्करण आगामी जेठ १ गतेदेखि जनकपुरधाममा आयोजना



**जलेश्वरटुडे समाचारदाता**
**धनुषा, ३० बैशाख**

मिथिला कला, साहित्य, संस्कृति र बौद्धिक विमर्शको साझा थलोका रूपमा स्थापित हुँदै गएको 'जनकपुर साहित्य महोत्सव' को सातौं संस्करण आगामी जेठ १ गतेदेखि जनकपुरधाममा आयोजना हुने भएको छ । नव मिथिला फाउण्डेसनको आयोजना तथा फ्याक्ट्स नेपालको प्रायोजनमा हुने महोत्सव जेठ ३ गतेसम्म सञ्चालन हुनेछ ।

महोत्सवको सम्पूर्ण कार्यक्रम महेन्द्र नारायण निधि भवन परिसरमा आयोजना गरिने आयोजकले जनाएको छ। तीनदिने महोत्सवमा साहित्यदेखि सुशासन, पर्यटनदेखि खेलकुद, महिला लेखनदेखि सम्पदा संरक्षणसम्मका विविध विषयमा खुला प्यानल छलफल हुनेछन् । बुधबार जनकपुरधाममा आयोजित पत्रकार सम्मेलनमार्फत आयोजकले महोत्सवको विस्तृत कार्यक्रम सार्वजनिक गर्दै यसपटकको संस्करणलाई 'जनकपुर केन्द्रित विमर्श'का रूपमा प्रस्तुत गरिएको जनाएको हो। महोत्सवको उद्घाटन जेठ १ गते दिउँसो २ बजे मधेश प्रदेश प्रमुख डा. सुरेन्द्र लाभ कर्णले गर्ने कार्यक्रम तय गरिएको छ । उद्घाटन सत्रपछि विभिन्न विषयमा छलफल र संवाद सुरू हुनेछन् । आयोजकका अनुसार यस वर्ष कुल १३ वटा ओपन-एयर प्यानल छलफल आयोजना गरिनेछ । 'मैथिली कथाको नेपाली संसार', 'जनकपुरको कनेक्टिभिटी र पर्यटनको भविष्य', 'किन हुन्छ खेलकुदमा खेलवाड?', 'कसरी फर्काउने जनकपुरको शास्त्रार्थ?', 'सञ्चारकर्मको बदलिँदो परिदृश्य', 'जानकी मन्दिरलाई विश्व सम्पदा सूचीमा सूचीकृत गर्ने सम्भावना' तथा 'नेपाली महिला लेखनः संघर्षदेखि सिर्जनासम्म' लगायतका विषयमा लेखक, पत्रकार, अनुसन्धानकर्ता, नीति निर्माता र विभिन्न क्षेत्रका विज्ञबीच बहस हुने जनाइएको छ । महोत्सव निर्देशक राजीवधर जोशीका अनुसार यसपटकको संस्करण अघिल्ला वर्षभन्दा फरक ढंगले तयार गरिएको छ ।

उनले जनकपुरधामको इतिहास, सम्पदा र सांस्कृतिक पहिचानलाई केन्द्रमा राखेर कार्यक्रमको संरचना बनाइएको बताए । 'यसपटक हामीले जनकपुरधामको ऐतिहासिक, सांस्कृतिक र धार्मिक महत्वलाई प्राथमिकतामा राखेका छौं,' उनले भने, 'विशेषगरी जानकी मन्दिर र यहाँका सम्पदाबारे गम्भीर मन्थन हुनेछ ।' महोत्सवको अर्को आकर्षणका रूपमा प्रभातकालीन सम्पदा पदयात्रालाई लिइएको छ । फाउण्डेसनका उपाध्यक्ष आदित्य नेपालका अनुसार जेठ २ गते बिहान आयोजना हुने उक्त पदयात्रामा १२ सयदेखि १५ सयसम्म सहभागी हुने विश्वास गरिएको छ । उनका अनुसार सहभागीहरू एउटै प्रकारको पोशाकमा जनकपुरधामका ऐतिहासिक तथा धार्मिक स्थलहरूको अवलोकन गर्दै पदयात्रामा सहभागी हुनेछन् । पदयात्रा मार्फत सम्पदाको महत्व, संरक्षणको आवश्यकता र सांस्कृतिक पहिचानको सन्देश प्रवाह गर्ने उद्देश्य राखिएको उनले बताए । पछिल्ला वर्षहरूमा जनकपुर साहित्य महोत्सवले मिथिलाको साहित्य, भाषा, संस्कृति र बौद्धिक बहसलाई राष्ट्रिय स्तरमा जोड्ने मञ्चको रूपमा पहिचान बनाउँदै आएको छ । विशेषगरी मैथिली भाषा, मधेशको समाज, धार्मिक पर्यटन, महिला सवाल र सांस्कृतिक बहसलाई मुख्यधारमा ल्याउन महोत्सवले भूमिका खेलेको साहित्यिक वृत्तमा चर्चा हुने गरेको छ ।

# मधेश प्रदेशलाई साक्षर प्रदेश घोषणा गर्ने तयारी



**जलेश्वरटुडे समाचारदाता**
**धनुषा, ३० बैशाख**

मधेश प्रदेशलाई साक्षर प्रदेश घोषणा गर्ने तयारी अन्तर्गत उच्चस्तरीय विज्ञ कार्यदलले तयार पारेको प्रतिवेदन औपचारिक रूपमा हस्तान्तरण गरिएको छ ।

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयको आयोजनामा बुधबार जनकपुरधाममा आयोजित कार्यक्रममा प्रतिवेदन हस्तान्तरणसँगै अभियान कार्यान्वयन प्रारम्भ भएको घोषणा गरिएको हो। कार्यक्रमलाई सम्बोधन गर्दै शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री सस्मित पोखरेलले मधेशलाई साक्षर बनाउने अभियान सरकारी कार्यक्रम मात्र नभई सामाजिक रूपान्तरणको महत्वपूर्ण आधार भएको बताए। उनले शिक्षा क्षेत्रमा देखिएका चुनौती समाधानका लागि संघीय सरकार प्रदेश सरकारसँग सहकार्य गरेर अघि बढ्न प्रतिबद्ध रहेको उल्लेख गरे । मन्त्री पोखरेलले विद्यालय बाहिर रहेका बालबालिकालाई शिक्षाको पहुँचमा ल्याउन, शिक्षकहरूको क्षमता अभिवृद्धि गर्न तथा प्रविधिमैत्री शिक्षालाई प्राथमिकतामा राख्न आवश्यक रहेको धारणा राखे ।

त्यसैगरी, मधेश प्रदेशकी शिक्षा तथा संस्कृति मन्त्री रानी शर्मा तिवारीले प्रदेश सरकारले 'साक्षर मधेश अभियान'लाई विशेष प्राथमिकताका साथ अघि बढाएको बताइन्। उनले निरक्षरता अन्त्यका लागि स्थानीय तह, विद्यालय, अभिभावक तथा सामाजिक संघसंस्थाबीच प्रभावकारी समन्वय आवश्यक रहेको उल्लेख गरिन् ।

उनका अनुसार मधेश प्रदेशमा आर्थिक, सामाजिक तथा लैंगिक कारणले अझै शिक्षाको पहुँचबाट टाढा रहेका समुदायलाई लक्षित गरी विशेष कार्यक्रम सञ्चालन गरिनेछ । कार्यक्रममा संघीय सांसद मनिष झाले शिक्षा विकासबिना समृद्ध समाज निर्माण सम्भव नरहेको बताए । उनले विशेषगरी बालिका शिक्षा, सीमान्तकृत समुदायको पहुँच र गुणस्तरीय शिक्षामा राज्यले थप ध्यान दिनुपर्ने धारणा राखे ।

सांसद झाले साक्षरता अभियानलाई तथ्यांकमा मात्र सीमित नराखी व्यवहारिक जीवन र सामाजिक चेतनासँग जोड्नुपर्ने आवश्यकता औंल्याए । कार्यक्रममा सेभ द चिल्ड्रेनलगायत विभिन्न सरोकारवाला निकायका प्रतिनिधि, शिक्षा क्षेत्रका विज्ञ तथा स्थानीय तहका प्रतिनिधिहरूको सहभागिता रहेको थियो । आयोजकका अनुसार विज्ञ कार्यदलको प्रतिवेदनमा समेटिएका सुझावहरू कार्यान्वयन गर्दै मधेश प्रदेशलाई चरणबद्ध रूपमा साक्षर प्रदेश घोषणा गर्ने लक्ष्य राखिएको छ ।

## तपाईको टुडे

मेषः अशुभ समाचार प्राप्त हुने
वृषः आम्दानी हुने
मिथूनः लामो यात्राको योग छ
कर्कटः पिछडेको साथी मिल्न
सिंहः अनावश्यक चिन्ता
कन्याः विचार गरेर बोल्नुहोला
तुलाः शुभ कार्यको शुरुवात
वृश्चिकः मनमा पछुतो आउने
धनुः मित्रतामा फाटो आउने
मकरः खानपानमा समस्या आउने
कूम्भः अनावश्यक खर्चको संभावना
मीनः पढाईमा ध्यान दिनुपर्ने

## मधेश प्रदेशको गौरव

श्री सत्यनारायण भगवानको दर्शन गरौं,मनबाञ्छित फल पाऔं ।



आरती : विहान : ९ र राति ८ बजे
ठेगाना : शरञ्चियाँ कुट्टि र कलबार कुट्टिको विचमा,पु.:९८२७८१४५८८

श्री देवअंशी लहेरी समाज, जनकपुरधाम–४,धनुषा

## आवश्यक टेलिफोन नम्बरहरु




### जलेश्वर

| | |
|---|---|
| नेपाल पत्रकार महासंघ महोत्तरी | ५२०५१५ |
| जलेश्वरअस्पताल एम्बुलेन्स | ९७४४००२५२७ |
| नेपाल रेडक्रस सोसाइटी एम्बुलेन्स | ५२०१००, |
| सामुदायिक विकास परि.एम्बुलेन्स | ५२१००५, |
| RCDSC एम्बुलेन्स | ५२०२९८, |
| दसहारा एम्बुलेन्स | ५२०६७७, ९८४४२६०००० |
| बर्दिबास अस्पताल एम्बुलेन्स | ५५००९०, |
| बर्दिवास सेवा समिति एम्बुलेन्स | ५५०५८६, |
| रामगोपालपुर एम्बुलेन्स | ६९०५९३ |
| जिल्ला प्रहरी | ५२०००९ |
| विद्युत | ५२०१६६ |
| वारुण यन्त्र | ५२००९७ |
| जिल्ला प्रशासन | ५२००५५ |

**आवश्यक नम्वरहरुको लागि सम्पर्क गरौं १९७**

### जनकपुर

| | |
|---|---|
| प्रहरी धनुषा | 520099, 100 |
| सुरक्षा गुल्म जनकपुर बैरेक | 0186,526586 |
| सशस्त्र प्रहरी मुजेलिया | 527213, 527800 |
| मुजेलिया प्रहरी चौकी | 520750 |
| ट्राफिक कार्यालय जिरोमाईल | 520366 |
| एम्बुलेन्स पब्लिक वेल फेयर | 9854022474 |
| एम्बुलेन्स रेडक्रस | 102 |
| एम्बुलेन्स (सरोज फाउन्डेशन) | 522806 |
| महाबीर एम्बुलेन्स | 525980 |
| एम्बुलेन्स मेडिकल कलेज | 526091 |
| एम्बुलेन्स केयर मेडिकल सेन्टर | 523864 |
| बरुण यन्त्र जनपा | 520011 |
| जिल्ला जनस्वास्थ्य कार्यालय | 526271 |
| जनकपुर अंचल अस्पताल | 520033 |
| केयर मेडिकल सेन्टर | 523864 |
| धनुषा तथा अस्पताल तथा अनुसन्धान केन्द्र प्रा.लि. | 525800 |
| **जानकी हेल्थ केयर एण्ड रिसर्च सेन्टर** | 525342 |

## जलेश्वरनाथ मन्दिर पुजाआजा

बिहान ढोका खुल्ने समय : ०५:०० बजे
विहान पुजा आरती : ०५:३० बजे
विहान ढोका बन्द :१२:०० बजे
दिउँसो ढोका खुल्ने समय :०४:०० बजे
सन्ध्या पूजा आरती साँझ :०६:३० बजे
राति ढोका बन्द हुने समय : १२ बजे
(हरेक हप्ताको मंगलबार र शनिबार मन्दिर प्राङ्गणमा दिउँसो भजन किर्त्तन सहित हनुमान आराधना )

## जानकी मन्दिर पुजाआजा




बिहान ढोका खुल्ने समय : ०५:०० बजे
विहान पुजा आरती : ०७:३० बजे
विहान ढोका बन्द :१२:०० बजे
अन्न क्षेत्र : निःशुल्क भोजन
दिउँसो ढोका खुल्ने समय :०४:०० बजे
सन्ध्या पूजा आरती साँझ :०७:३० बजे

# इरानसँगको युद्धमा अमेरिकाको खर्च २९ अर्ब डलर हतियारको भण्डार र पारदर्शितामाथि प्रश्न

**जलेश्वरटुडे समाचारदाता**
**काठमाण्डौं, ३० बैशाख**



अमेरिकी रक्षा मन्त्रालय पेन्टागनले इरानसँगको युद्ध र सैन्य तयारीको कुल लागत करिब २९ अर्ब अमेरिकी डलर पुगेको जानकारी दिएको छ । क्यापिटल हिलमा आयोजित बजेट सुनुवाइका क्रममा सार्वजनिक गरिएको यो तथ्याङ्क रक्षा सचिव पिट हेगसेथले दुई हप्ताअघि गरेको अनुमानभन्दा चार अर्ब डलरले बढी हो ।

पेन्टागनका वित्त प्रमुख जुल्स हर्स्ट तृतीयले सांसदहरूलाई दिएको जानकारी अनुसार उपकरणको मर्मत, प्रतिस्थापन र व्यापक परिचालन खर्चका कारण लागत २९ अर्बको हाराहारीमा पुगेको हो। यो विवरण सन् २०२७ का लागि १.५ ट्रिलियन डलरको बजेट अनुरोधमा बहस भइरहेका बेला बाहिर आएको हो। रक्षा सचिव हेगसेथले प्रशासनले पेन्टागनको मुख्य बजेटभन्दा छुट्टै पूरक बजेट अनुरोध गर्ने बताए पनि त्यसको समय भने खुलाएका छैनन् ।

अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले तेहरानको पछिल्लो शान्ति प्रस्ताव अस्वीकार गरेपछि विपक्षी डेमोक्र्याटहरूले प्रशासनको कडा आलोचना गरेका छन् । हाउस एप्रोप्रिएशन कमिटीकी शीर्ष डेमोक्र्याट रोजा डेलाउरोले "कुन लागतमा के हासिल भयो?" भन्दै प्रश्न गरेकी छिन् । त्यस्तै, बेट्टी म्याककोलमले पेन्टागनमा पारदर्शिताको अभाव रहेको र दीर्घकालीन रणनीति स्पष्ट नभई थप कोष अनुमोदन गर्न नसकिने अडान राखेकी छिन्। महिनौंदेखिको क्षेप्यास्त्र र हवाई प्रतिरक्षा अभियानका कारण अमेरिकी हतियारको भण्डार घट्दै गएकोमा चिन्ता व्यक्त गरिएको छ ।

सिनेटर मार्क केलीले टोमाहक मिसाइल र प्याट्रियट इन्टरसेप्टर जस्ता उन्नत प्रणालीको भण्डार गम्भीर रूपमा घटेको र यसलाई पुनःपूर्ति गर्न वर्षौं लाग्न सक्ने चेतावनी दिएका छन् । यसले भविष्यमा चीनसँग हुन सक्ने सम्भावित टकरावमा अमेरिकी तत्परता कमजोर बनाउन सक्ने उनको तर्क छ ।

# सम्बन्ध विच्छेदको हल्लाबिच सूरज नाम्बियारले डिलिट गरे आफ्नो इन्स्टाग्राम खाता

**जलेश्वरटुडे समाचारदाता**
**काठमाण्डौं, ३० बैशाख**



बलिउड अभिनेत्री मौनी राय र सूरज नाम्बियारको सम्बन्ध ठीकठाक नभएको हल्ला चलिरहेको छ। इन्स्टाग्राममा दुबैले एकअर्कालाई फलो नगरिरहेको देखेपछि जोडी अलग हुन लागेको अनुमान चर्किएको थियो ।

मौनीको फलोअर्स लिष्टमा सूरज नाम्बियारको नाम थिएन । सूरज नाम्बियारको फलोअर्सको सूचिमा मौनीलाई देखिएन । यसबाहेक, मौनीले आफ्नो इन्स्टाग्राम खाताबाट सूरजसँगका सबै पोस्ट र तस्विरहरू पनि मेटाएकी छिन् ।

यी हल्लाहरूबीच सूरज नाम्बियारले आफ्नो इन्स्टाग्राम खाता निष्क्रिय पारेका वा मेटाएका छन् । मौनीको इन्स्टाग्राम प्रोफाइलमा सूरज नाम्बियारको कुनै पनि फोटो नभेटिएपछि यी हल्लाहरूले थप गति लिएका हुन् । प्रोफाइलबाट उनीहरूको विवाहको तस्बिर पनि हराएको छ । यद्यपि, यी रिपोर्ट वा अफवाहहरूबारे मौनी र सूरज दुवैले कुनै आधिकारिक बयान दिएका छैनन् । तीन वर्ष सँगै बसेपछि मौनी र सूरजले २०२२ मा गोवामा विवाह गरेका थिए । यो जोडीको पहिलो भेट २०१९ मा नयाँ वर्षको पूर्वसन्ध्यामा दुबईमा भएको थियो। उनीहरूको विवाह क्यान्डोलिमको हिल्टन गोवा रिसोर्टमा भएको थियो । बिहे मलयाली र बंगाली दुवै परम्परा अनुसार गरिएको थियो ।

# सङ्घीय संरचनाअनुरुप जलस्रोत व्यवस्थापन गर्न नयाँ 'छाता कानून' ल्याइँदै

**जलेश्वरटुडे समाचारदाता**
**काठमाण्डौं, ३० बैशाख**




सरकारले देशको जलस्रोत व्यवस्थापनलाई सङ्घीय ढाँचाअनुसार व्यवस्थित बनाउन नयाँ छाता कानून ल्याउने तयारीलाई तीव्र पारेको छ। ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयले 'जलस्रोत विधेयक २०८३' को मस्यौदा परिमार्जन गरी स्वीकृतिका लागि अघि बढाउने अन्तिम तयारी गरेको हो ।

हाल कार्यान्वयनमा रहेको तीन दशक पुरानो 'जलस्रोत ऐन २०४९' लाई प्रतिस्थापन गर्ने उद्देश्यले तयार गरिएको यस विधेयकले संविधानले व्यवस्था गरेबमोजिम सङ्घ, प्रदेश र स्थानीय तहबीचको अधिकार बाँडफाँटलाई स्पष्ट कानूनी आधार प्रदान गर्नेछ। नयाँ ऐन जारी भएपछि प्रदेश तथा स्थानीय तहहरूले आफ्नो अधिकार क्षेत्रभित्र रहेर छुट्टै कानून निर्माण गर्न सक्ने बाटो खुल्नेछ ।

मन्त्रालयका अनुसार यस विधेयकको मुख्य लक्ष्य जलस्रोतको संरक्षण, बहुआयामिक उपयोग र समुचित विकास सुनिश्चित गर्नु रहेको छ। यसका साथै जल उत्पन्न विपद् न्यूनीकरण, जलस्रोतको दिगो उपयोग तथा एकीकृत व्यवस्थापनलाई समेत विधेयकले विशेष प्राथमिकतामा राखेको छ। नयाँ व्यवस्थामार्फत जल तथा ऊर्जा आयोगको सचिवालयलाई थप अधिकार सम्पन्न बनाउँदै यसलाई जलस्रोतको नियमन, नीति समन्वय र दीर्घकालीन योजना निर्माण गर्ने प्रमुख निकायका रूपमा विकास गर्ने सरकारको योजना छ । सरकारले संसद्को चालु अधिवेशनबाटै यस विधेयकलाई पारित गर्ने लक्ष्य राखेको छ ।

# दक्षिण अफ्रिकासँगको एक रनको हार सम्झाउने खेल

**जलेश्वरटुडे समाचारदाता**
**काठमाण्डौं, ३० बैशाख**



आईसीसी विश्वकप क्रिकेट लिग-२ अन्तर्गत घरेलु मैदानमा नेपालले स्कटल्याण्डसँग साँघुरो हार बेहोर्‍यो ।

नेपालले अन्तिम ओभरमा १३ रन जोड्न नसक्दा मंगलबार नेपाली समर्थक २ रनको हारको साँची बस्नुपर्‍यो । वर्षाका कारण डीएल पद्धतिका आधारमा ३९ ओभरमा २२१ रनको लक्ष्य पाएको नेपालको सुरुवात राम्रो हुन सकेन । टप अर्डर धराशायी बन्दा नेपाल दबाबमा पर्‍यो । कप्तान रोहित पौडेल र उपकप्तान दीपेन्द्रसिंह ऐरीको साझेदारीले नेपाललाई केही राहत मिल्यो । ठूलो साझेदारी गरेका दुवै जना आउट भएपछि नेपाल पुनः धर्मराउन थाल्यो । जसलाई गुल्सन झाले अडाएर अन्तिमसम्म पुर्‍याए । ओभर कम हुँदा ब्याटरलाई डट बल खेल्ने छुट थिएन । गुल्सन आउन नपाउँदै आरिफ शेख आउट भए । त्यो अवस्थामा २९ ओभरको खेल सकिँदा नेपालले ६ विकेट गुमाएर १३७ रन बनाएको थियो ।

# विपक्षी तीन दलले दर्ता गराए अध्यादेश अस्वीकृतको सूचना

**जलेश्वरटुडे समाचारदाता**
**काठमाण्डौं, ३० बैशाख**



सरकारले ल्याएका अध्यादेश अस्वीकार गर्न विपक्षी कांग्रेस, एमाले, नेकपाले संघीय संसद्का दुवै सदनमा अस्वीकार गरियोस् भन्ने सूचना दर्ता गराएका छन्। सरकारले विभिन्न मितिमा ल्याएका ८ अध्यादेश सोमबार संघीय संसद्का दुवै सदनमा पेस भएका थिए ।

त्यसको २ दिनभित्र अस्वीकारको सूचना दिनुपर्ने संसद् नियमावलीको व्यवस्थाअनुसार विपक्षी दलहरूले बुधबार अस्वीकारको सूचना दर्ता गराएका हुन् । उनीहरूले दर्ता गराएको सूचना दुवै सदनमा अरु प्रस्तावमा जस्तै छलफल र निर्णायर्थ पेश गरिनेछ । विपक्षीहरूले राखेको अध्यादेश अस्वीकारको प्रस्ताव अस्वीकृत भएमा मात्रै सरकारलाई अध्यादेशले व्यवस्था गर्न ल्याएका प्रावधान प्रतिस्थापन विधेयकबाट पारित गर्ने बाटो खुल्छ ।

संघीय संसद्का कुनै एक सदनले मात्रै विपक्षीको प्रस्ताव पारित गरे अध्यादेश त्यहिँबाट निस्क्रिय हुने संवैधानिक व्यवस्था छ । प्रतिसिनिधिसभामा सत्तारुढ रास्वपाको दुई तिहाइ निकट समर्थन रहेकाले विपक्षी दलहरूले राख्ने प्रस्ताव पारित हुने सम्भावना छैन ।

राष्ट्रिय सभामा सरकारको प्रतिनिधित्व नभएकाले अध्यादेश स्वीकृतीका सरकारलाई विपक्षी दलहरूको भर पर्नुपर्ने हुन्छ । राष्ट्रिय सभाबाट सरकारले ल्याएका केही अध्यादेश अस्वीकार गर्ने विपक्षीहरूको रणनीति छ ।

# 'नेपाल र बंगलादेशमा सरकार परिवर्तन गरिसके, यहाँ मन्त्री फेर्न पनि नसक्ने ?'

**जलेश्वरटुडे समाचारदाता**
**काठमाण्डौं, ३० बैशाख**



आम आदमी पार्टी संयोजक एवं दिल्लीका पूर्वमुख्यमन्त्री अरविन्द केजरीवालले बुधबार भारतका जेनजी युवाहरूलाई राष्ट्रिय योग्यता प्रवेश परीक्षाको प्रश्नपत्र चुहावट प्रकरणमा जवाफदेहिता माग गर्न आह्वान गरेका छन् । उनले युवाहरूमा राजनीतिक परिवर्तन गराउने शक्ति रहेको भन्दै नेपाल र बंगलादेशमा सत्ता परिवर्तनको उदाहरण दिए। पत्रकार सम्मेलनलाई सम्बोधन गर्दै केजरीवालले परीक्षाको तयारी गरिरहेका विद्यार्थीहरूको आत्मविश्वास प्रश्नपत्र चुहावटका लगातार घटनाले कमजोर बनाएको बताए । उनले जेनजी युवाहरूलाई प्रश्नपत्र बाहिरिएको घटनामा संलग्न व्यक्तिहरूविरुद्ध सडकमा उत्रिन आग्रह गरे। 'यदि बंगलादेश र नेपाल जस्ता देशका जेनजी युवाहरूले सरकार परिवर्तन गर्न सक्छन् भने, भारतीय युवाहरूले पनि प्रश्नपत्र चुहावटका घटनामा जवाफदेहिता सुनिश्चित गर्न सक्छन्', उनले भनेका छन् । केजरीवालले यसअघि केन्द्रीय अनुसन्धान ब्युरोले गरेका अनुसन्धानहरूको प्रभावकारितामाथि प्रश्न उठाउँदै दोषीहरूले कहिल्यै कडा सजाय पाएका छन् कि छैनन् ? भन्ने प्रश्न गरे'२०१४ मा मोदी सरकार सत्तामा आएपछि परीक्षाका प्रश्नपत्र चुहावटका ९३ घटना भएका छन् । अधिकांश घटनाहरू बीजेपी सरकार रहेका राज्यहरूमा भएका छन्', केजरीवालले भने, 'यसले ६ करोड युवालाई असर गरेको छ। राजस्थान, उत्तर प्रदेश, उत्तराखण्ड र गुजरातमा यस्ता घटनाहरू धेरै भएका छन्। यी राज्यहरूमा र केन्द्रमा बीजेपी सरकार हुनु संयोग मात्र होइन ।' केजरीवालले हालै परीक्षाको प्रश्नपत्र बाहिरिएको र त्यसको केन्द्र राजस्थान रहेकोले यसमा नेताहरू नै संलग्न छन् कि भन्न शंका उत्पन्न गराएको बताए । 'यदि त्यस्तो हो भने केन्द्रीय अन्सन्धान ब्युरोले ले के गर्न सक्छ ? म जेनजीलाई सोध्न चाहन्छु, के यो जारी रहिरहनु पर्छ ?' केजरीवालले भने। उनले नेपाल र बाङ्गलादेशको आन्दोनलको उदाहरण दिँदै जेनजीहरूलाई विरोधमा उत्रिन आह्वान गरे ।यदि नेपाल र बंगलादेशका जेनजी युवाहरू सडकमा उत्रिएर सरकार परिवर्तन गर्न सक्छन् भने, के हाम्रो जेनजीले प्रश्नपत्र चुहावटमा संलग्न मन्त्रीहरूलाई जेल पठाउन सक्दैन ? मलाई तपाईंहरूमाथि पूर्ण विश्वास छ', उनले भने, 'यसमा संलग्नहरूलाई दोषी ठहर गर, जेल पठाऊ, सडकमा उत्र, विरोध गर र यो घृणित खेल बन्द गर।' केजरीवालले प्रश्नपत्र प्रकरणमा भइरहेको केन्द्रीय अनुसन्धान ब्युरोको जाँच अनसन्धानबाट कुनै अर्थपूर्ण नतिजा नआउने आरोप पनि लगाए। 'अघिल्ला प्रश्नपत्र चुहावटका घटनामा ब्युरोले केही गर्न सकेन', उनले भने। २०१४ पछि भएका विभिन्न परीक्षाका कथित प्रश्नपत्र चुहावट घटनाहरू उल्लेख गर्दै उनले यस्ता घटनाले देशभरका करोडौं विद्यार्थीहरूको भविष्य प्रभावित भएको बताए ।

# अबको सहरी विकास कसरी ?




-काठमाडौं उपत्यकाको सहरी विकासमा दीर्घकालीन, एकीकृत र समन्वित दृष्टिकोणको अभाव देखिन्छ । हाल उपत्यका अनियोजित फैलावट र असामञ्जस्यपूर्ण बहुकेन्द्रित संरचनातर्फ उन्मुख छ, जसले क्षेत्रीय सन्तुलन र पूर्वाधार विकासमा चुनौती सिर्जना गरेको छ। समन्वित बहुकेन्द्रित मोडल, हरियो-नीलो पूर्वाधार र महानगरीय दृष्टिकोण अवलम्बन गर्न सके मात्र उपत्यकाको दिगो र सन्तुलित सहरी विकास सम्भव छ। काठमाडौं उपत्यकामा सहरी विकासको अवस्थालाई नियाल्दा एउटा स्पष्ट कमजोरी देखिन्छ- सहरी विकास र क्षेत्रीय योजनालाई बृहत्तर, एकीकृत र दीर्घकालीन प्रक्रियाका रूपमा बुझ्ने तथा कार्यान्वयन गर्ने दृष्टिकोणको अभाव । सहरी विकास र क्षेत्रीय योजनामा कुनै पनि क्षेत्रको विकासलाई चार प्रमुख संरचनात्मक ढाँचामा वर्गीकरण गर्न सकिन्छ। सुरुमा एककेन्द्रित (मोनोसेन्ट्रिक) मोडल हुन्छ, जहाँ सबै गतिविधि एउटै केन्द्रमा केन्द्रित हुँदा चाप बढ्छ र अन्य क्षेत्र पछाडि पर्छन्।

अनि योजनाविहीन अवस्थामा यो अनियोजित फैलावट (स्प्रोल) मा रूपान्तरण भई भूमि नष्ट, पूर्वाधार महँगो र यातायात जटिल बन्छ। त्यसपछि बहुकेन्द्रित तर असामञ्जस्यपूर्ण (मल्टिपोलार) ढाँचा देखापर्छ। यसमा धेरै केन्द्र त हुन्छन् तर तीबीच आपसमा कुनै समन्वय वा बलियो सम्बन्ध हुँदैन। प्रत्येक केन्द्रले छुट्टाछुट्टै र प्रतिस्पर्धात्मक रूपमा काम गर्दा क्षेत्रीय सन्तुलन बिग्रन सक्छ र स्रोत साधनको दोहोरो लगानी हुने जोखिम रहन्छ। यस्तो संरचनामा पूर्वाधारको सञ्जाल छरिएको हुन्छ, जसले गर्दा एकीकृत आर्थिक विकासको लक्ष्य प्राप्तिमा बाधा पुग्छ । सबैभन्दा प्रभावकारी समन्वित बहुकेन्द्रीय (पोलिसेन्ट्रिक) ढाँचा हो। यहाँ हरेक एकाइ वा 'सेल' को आफ्नै विशिष्ट पहिचान र कार्यक्षेत्र हुन्छ तर तिनीहरू यातायात, प्राकृतिक र सञ्चारका करिडोरमार्फत आपसमा मजबुत रूपमा जोडिएका हुन्छन् । जनसंख्या चाप विकेन्द्रीकरण हुन्छ र समग्र क्षेत्रको सन्तुलित आर्थिक विकास सम्भव हुन्छ। काठमाडौं उपत्यकाको वर्तमान सहरी विकासमाथि विश्लेषण गर्दा यो कुनै एक मात्रै ढाँचामा सीमित नभई मिश्रित स्वरूपमा विकसित भएको देखिन्छ। तर, समग्रमा हेर्दा 'अनियोजित फैलावट' र 'बहुकेन्द्रित तर असामञ्जस्यपूर्ण' ढाँचाको प्रभुत्व छ । ऐतिहासिक रूपमा उपत्यका 'एककेन्द्रित' ढाँचामा आधारित थियो, जहाँ काठमाडौं महानगरपालिका मुख्य केन्द्रका रूपमा विकास भएको थियो र आर्थिक, प्रशासनिक तथा सेवा गतिविधि त्यहीँ केन्द्रित थिए । तर, समयसँगै जनसंख्या वृद्धि, बसाइँसराइ र सहरी विस्तारका कारण काठमाडौं, ललितपुर, भक्तपुर तथा वरपरका क्षेत्रहरू पनि सहरीकरणतर्फ अघि बढे । यसले उपत्यकालाई क्रमशः बहुकेन्द्रित स्वरूपतर्फ ताने पनि ती केन्द्रबीच स्पष्ट कार्यगत विभाजन, समन्वय र योजनाबद्ध विकासको अभावले यसलाई 'समन्वित बहुकेन्द्रीय' बनाउने दिशामा पुऱ्याउन सकेको छैन । उपत्यका 'अनियोजित फैलावट (अर्बन स्प्रोल)' को स्पष्ट उदाहरण बनेको छ, जहाँ बस्तीहरू योजनाविहीन रूपमा फैलिएका छन्, कृषि भूमि अनियन्त्रित रूपमा प्लटिङमा परिणत भइरहेको छ र पूर्वाधार विकास त्यसको पछाडि दौडिरहेको छ। काठमाडौं उपत्यका अहिले पूर्ण रूपमा अनियोजित फैलावटसँग मिसिएको, असामञ्जस्यपूर्ण बहुकेन्द्रित संरचनातर्फ उन्मुख संक्रमणकालीन अवस्थामै रहेको छ। महानगर देशको पावरहाउस हो र देशमा महानगरहरू चल्दैनन् भने त्यो देश नै चल्दैन ।

उपत्यकाको सन्दर्भमा, पोलिसेन्ट्रिक अर्थात् बहुकेन्द्रीय महानगर संरचना भविष्यको सहरी विकासका लागि महत्त्वपूर्ण हुन सक्छ, जसमा विभिन्न सहरलाई आपसमा जोडेर विकास गरिन्छ। र, सबै गतिविधि एउटै सहरमा केन्द्रित हुन दिइँदैन । यस्तो संरचनामा काठमाडौं मुख्य महानगरीय केन्द्रका रूपमा रहँदा ललितपुर, भक्तपुर, कीर्तिपुर, टोखा, बनेपाजस्ता सहरलाई विशेष भूमिकासहित जोड्न सकिन्छ । पश्चिमतर्फ थानकोट/नौबिसे जस्ता क्षेत्रलाई राष्ट्रिय यातायात तथा व्यापार प्रवेशद्वारका रूपमा विकास गर्न सकिन्छ भने पूर्वतर्फको क्षेत्रलाई आर्थिक तथा नवप्रवर्तन करिडोरका रूपमा रूपान्तरण गर्न सकिन्छ । भौगोलिक र रणनीतिक महत्त्वमाथि मध्यनजर गर्दै विभिन्न सेवा केन्द्रलाई व्यवस्थित रूपमा विकास गरी वा एकाधिकारवादी विकास वा अव्यवस्थित फैलावटलाई निरुत्साहित गरी 'मेट्रोपोलिटन डिसिप्लिन' मार्फत समन्वित बहुकेन्द्रीय ढाँचा अवलम्बन गर्नुपर्ने हुन्छ। यसले गर्दा उत्पादक सहरी सेलहरू (प्रोडक्टिभ अर्बन सेल) र प्राकृतिक स्रोतहरूको सन्तुलन कायम भई क्षेत्रीयस्तरमा समानुपातिक आर्थिक अवसर र नागरिक सुविधाहरू सुनिश्चित हुनेछन्। यसरी विभिन्न सहरलाई कार्यात्मक रूपमा जोडेर विकास गर्न सके उपत्यकाको भीड कम हुनुका साथै आर्थिक गतिविधि सन्तुलित रूपमा फैलिन सक्छ।

महानगर देशको पावरहाउस हो र देशमा महानगरहरू चल्दैनन् भने त्यो देश नै चल्दैन । काठमाडौं उपत्यका जस्तो महानगरीय क्षेत्रको आर्थिक, सामाजिक र पूर्वाधारगत प्रभाव देशव्यापी हुन्छ । त्यसैले महानगरका मुद्दाहरू स्थानीय मुद्दा मात्र होइनन्, ती मूलतः राष्ट्रिय मुद्दा हुन्। तर व्यवहारमा, यस्ता महानगरीय मुद्दालाई राष्ट्रियस्तरमा पर्याप्त प्राथमिकता दिइएको देखिँदैन । नीति, योजना र लगानीको दृष्टिले पनि महानगरका जटिल समस्या सम्बोधन गर्न राष्ट्रिय सरकारको सक्रियता अपेक्षाकृत कमजोर देखिन्छ। यही कारण नेपालमा महानगरहरूको व्यवस्थापन चुनौतीपूर्ण बन्दै गएको छ । सहरी विकासको अर्को महत्त्वपूर्ण पक्ष भनेको ग्रीन-ब्लु इन्फ्रास्ट्रक्चर अर्थात् हरियो-नीलो पूर्वाधार हो। यसले सहरभित्रका प्राकृतिक तथा अर्धप्राकृतिक प्रणालीलाई एउटै नेटवर्कका रूपमा जोड्ने अवधारणा प्रस्तुत गर्छ । नदी, जलाधार, वन क्षेत्र, पार्क र खुला क्षेत्रलाई योजनाबद्ध रूपमा जोडेर सहरको पर्यावरणीय सन्तुलन कायम राख्न सकिन्छ। उपत्यकाको उत्तरी भागमा रहेको शिवपुरी नागार्जुन राष्ट्रिय निकुञ्ज जलाधार र वन प्रणालीका दृष्टिले अत्यन्त महत्त्वपूर्ण क्षेत्र हो । त्यसैगरी दक्षिणतर्फको गोदावरी र फुल्चोकी क्षेत्र जैविक विविधता र हरित संरक्षणका लागि महत्त्वपूर्ण मानिन्छ। यी क्षेत्रलाई नदी करिडोरहरूसँग जोडेर हरियो-नीलो पूर्वाधारको नेटवर्क निर्माण गर्न सके बाढी नियन्त्रण, पानी व्यवस्थापन, जैविक विविधता संरक्षण र सहरी वातावरण सुधारमा महत्त्वपूर्ण योगदान पुग्नेछ । 'सहरी विकासको उच्चस्तर' हासिल गर्न उपत्यकाले सम्पूर्ण क्षेत्रलाई एक जीवित र अन्तरसम्बन्धित प्रणालीका रूपमा हेर्ने महानगरीय दृष्टिकोण अवलम्बन गर्नुपर्छ। यसका लागि समन्वित शासन प्रणाली, स्थानिक पुनःसंरचना तथा एकल केन्द्रीय सहरको सट्टा बहुकेन्द्रीय सहरी नोडहरूको विकास आवश्यक हुन्छ । घना र अविभाजित संरचनाबाट लचिलो र अनुकूलनशील महानगरीय प्रणालीतर्फको रूपान्तरण पारिस्थितिक सिद्धान्तहरूको समावेश, सन्तुलित क्षेत्रीय विकासको प्रवर्द्धन तथा संस्थागत क्षमताको सुदृढीकरणमा निर्भर रहनेछ । यस्ता परिवर्तनमार्फत मात्रै उपत्यका वर्तमान अवस्थाबाट माथि उठेर दिगो, प्रभावकारी र जैविक रूपमा विकसित सहरी प्रणालीमा रूपान्तरण हुन सक्षम हुनेछ । यसले दीर्घकालीन विकासलाई सुनिश्चित गर्न सक्छ । सहरी विकास र क्षेत्रीय योजना एक बृहत्तर प्रक्रिया हो, जसले भौतिक पूर्वाधार, आर्थिक वृद्धि र वातावरणीय दिगोपनलाई एकीकृत रूपमा अगाडि बढाउँछ।

**साभार : कान्तिपुर ।**




# एक महिला मृत अवस्थामा फेला



**जलेश्वरटुडे समाचारदाता**
**सप्तरी, ३० बैशाख**

सप्तरीको तिलाठी कोइलाडी गाउँपालिका-५ वनरझुला गाउँको एक महिला मृत अवस्थामा फेला परेपछि स्थानीयमा सनसनी फैलिएको छ । स्थानीय छोटु भनिने वीरेन्द्र रायकी पत्नी अनितादेवी राय बुधबार सोही क्षेत्रको 'नौ किलोमिटर' भन्ने स्थान नजिक कोशी नदी किनारमा मृत भेटिएकी हुन् । प्रहरीले शव सडेगलेको अवस्थामा फेला परेको जनाएको छ । जिल्ला प्रहरी कार्यालय सप्तरीका प्रवक्ता डीएसपी डम्बरबहादुर पुरीका अनुसार शवको हातखुट्टा बाँधिएको अवस्थामा भेटिएको थियो ।

प्रारम्भिक अनुसन्धानका आधारमा ढुंगा प्रहार गरी हत्या गरिएको हुनसक्ने आशंका गरिएको प्रहरीले जनाएको छ। अनिता गत बुधबार रातिदेखि सम्पर्कविहीन भएकी थिइन्।

सो रात गाउँमा छिमेकीको विवाह समारोह भइरहेका कारण अधिकांश स्थानीय जन्तीमा व्यस्त रहेका थिए । परिवारका अनुसार अनिता घरमै एक्लै थिइन्। उनी हराएको रात घरको आँगनमा रगतसमेत देखिएको प्रहरीले जनाएको छ । घटनापछि प्रहरीले अनुसन्धान तीव्र बनाएको छ ।

"पत्र-पत्रिकाहरुको कम्प्युटर सेटिङ्ग गर्नका लागि हामीलाई सम्झनुहोस ।"



सम्पर्क -: दिलीप कुमार साह :-
मो.नं.-९८४४०५१४८७ (जनकपुरधाम)
एकचोटी सेवाको मौका अवश्य दिनुहोला

प्रकाशक तथा सम्पादक : पवन कुमार साह, सह-सम्पादक : सोनी साह, मुद्रक : जय दुर्गा अफसेट प्रेस, जनकपुरधाम
प्र.कार्यालय : जलेश्वर -४, सुगा भवानीपट्टि, सम्पर्क कार्यालय : जनकपुरधाम-४ (मुरलीचौक), विज्ञापनको लागि सम्पर्क :९८४४०२७९७१/९८२४८७७६२७
Email:jaleshwortoday@gmail.com,web: www.jaleshwortoday.com, www.facebook.com/JaleshworToday,twitter.com/JaleshworToday